Contact: Mukunda Aryal
Rastriya Banijya Bank Ltd.
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Singhadurbar Plaza
Kathmandu

**Rastriya Banijya Bank Ltd.**

# Press Release

## राष्ट्रिय वाणिज्य बैंक : ५ प्रतिशतमै युवालाई कृषि कर्जा

२०७१।०९।२५

राष्ट्रिय वाणिज्य बैंकले युवाहरुलाई व्याज अनुदानसहितको कृषि कर्जा उपलव्ध गराउने कार्य आरम्भ गरेको छ, यस निम्ति कार्यक्रम निर्देशिका तयार गरी शाखा कार्यालयहरुमा पठाइसकेको छ। नेपाल सरकारले अनुदान दिने ४ प्रतिशत व्याजदर कटाई मात्र ५ प्रतिशत व्याजदरमा उपलव्ध हुने यो कर्जा ग्रामीण क्षेत्रमा बसोवास गर्ने २१ वर्षदेखि ४५ वर्षसम्म उमेर समूहका युवाहरुलाई उपलव्ध हुनेछ । यस अन्तर्गत युवाहरुले तरकारी उत्पादन, प्रशोधन तथा भण्डारण,विउ विजन उत्पादन, प्रशोधन तथा भण्डारण,पुष्प व्यवसाय,पशुपंक्षीपालन,फलफुल उत्पादन, उत्पादित फलफुलको प्रशोधन तथा भण्डारण,दुग्ध उत्पादन प्रशोधन र विक्री वितरण,मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा विक्री वितरण,च्याउ उत्पादन, प्रशोधन तथा भण्डारण,पशुवधशाला एवं मासुजन्य उत्पादन व्यवसाय,जडिबुटी उत्पादन, प्रशोधन र भण्डारण,उखु खेती, अलैंची खेती तथा अदुवा खेती र त्यसको भण्डारण तथा प्रशोधन र यस बैंक/नेपाल सरकारले समय-समयमा थप गरेका अन्य कृषि व्यवसायहरु संचालन गर्न ऋण प्राप्त गर्ने छन् । बैंकले यस कर्जा निम्ति हाल रु १ अर्बको बजेट विनियोजन गरेको छ भने मागको आधारमा यो रकम थप गर्दै लगिने छ । यो कार्यक्रमबाट ग्रामीण क्षेत्रमा बढ्दो युवाहरुको विदेश पलायन प्रवृत्तिलाई रोकी कृषि अर्थतन्त्रलाई मजवुत बनाउन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

**Release January 09, 2015**